**सभाध्यक्ष महोदय,**

**गाउँ सभाका सभाध्यक्षज्यू,**

घिरिङ गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सभामा आगामी आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ ।

भर्खरै सम्पन्न निर्वाचनमा हामीलाई भारी मतका साथ विजय गराउनुहुने सम्पूर्ण मतदाताज्यूहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

यस अवसरमा राष्ट्रय स्वतन्त्रता, स्वाधिनता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरू प्रति भावपुर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु । जन आन्दोलनका घाइतेहरू, द्वन्द्व पिडितहरू तथा सम्पूर्ण नागरिकको योगदानलाई उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु ।

**सभाध्यक्षज्यू,**

आर्थिक वर्ष २०७९/०८० को विनियोजन विधेयक बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको आधारमा घिरिङ गाउँपालिकाको गाउँसभामा गाउँपालिकाको उपाध्यक्षको हैसियतले बजेट प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ ।

स्थानीय तह सदस्य निर्वाचन २०७९ बाट निर्वाचित भएपछि हामीले पहिलो पटक घिरिङ गाउँपालिकाको वार्षिक बजेट कार्यक्रम प्रस्तुत गरेका छौ ।

वार्षिक बजेट गाउँपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने महत्वपूर्ण औजार हो । आगामी आ.व. को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधान, गाउँपालिकाको नीति तथा कार्यक्रम, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासका लक्ष्य, गाउँपालिकाद्वारा निर्माण गरिएका ऐन, कानून तथा कार्यविधिहरू, विभिन्न राजनीतिक दलहरूका स्थानीय नेतृत्वका सुझावहरू, विगतको अनुभाव, नागरिक समाज, बुद्धिजीवि, नीजि क्षेत्र, सहकारी क्षेत्र, स्थानीय संघ संस्था, लगायतका क्षेत्रहरूबाट प्राप्त राय, परामर्श तथा रचनात्मक सुझावहरूलाई आत्मसाथ गरिएको छु ।

सीमित श्रोत साधनबाट गाउँवासीहरूका असिमित आवश्यकता एकैपटक पुरा गर्न नसकिने हुँदा, यस बजेटमा छिटो सम्पन्न हुने, बढि प्रतिफल दिने, विभिन्न खालको रोजगारी सृजना हुने, बढि जनसहभागिता जुटाउन सकिने खालका योजनाहरूलाई बढी प्राथमिकता दिइएको छु ।

अब म आगामी आ.व. २०७९/०८० को बजेट उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु । बजेटका उद्देश्यहरू निम्नानुसार प्रस्तुत गरिएको छु ।

१) उद्देश्यहरू

क) विगतका कार्यन्वयनमा रहेका आयोजनाहरूलाई निरन्तरता दिने गरी बजेट व्यवस्था गर्नु

ख) पूर्वाधार निर्माण तर्फ सडक खानेपानी क्षेत्रमा लगानी बढाउनु ।

ग) कृषिलाई व्यवशयीकरण र आधुनिकीकरण गर्नु

घ) शिक्षा स्वास्थ्य क्षेत्रलाई सर्वसाधारणको पहुच सुनिश्चित गर्नु ।

ङ) सुशासनको माध्यमबाट सेवा प्रवाहलाई प्रभावकारी र सरलीकरण गर्नु ।

२) प्राथमिकताहरू

क) पूर्वाधार विकास

ख) सामाजिक विकास

ग) वातावरण तथा बन

घ) सुशासन र सेवा प्रवाह

बजेटका उद्देश्यहरू हासिल गर्न तथा प्राथमिकता कार्यान्वयन गर्न प्रदेश तथा संघीय सरकारसँग, समन्वय सहकार्य गरिने छ भने निजी क्षेत्र, सहकारी, नागरिक समाज, राजनैतिक दलहरू तथा संघ संस्थाहरूसँग सहकार्य गरी प्रभावकारी कार्यान्वयनमा जोड दिइने छ ।

वडास्तरमा जनताको विकासको मागलाई मध्यनगर गरी वडागत सीमा निर्धारण गरी वस्तीस्तरबाट योजना तर्जुमा गरिएको छ । पालिका स्तरिय योजना बाहेक सबै वडाहरूलाई ४,६२,००,०००/- रकम विनियोजन गरिएको छ ।

**सभाध्यक्षज्यू,**

अब चालु आर्थिक वर्षको असार १० गते सम्मको आम्दानी प्रस्तुत गर्न चाहन्छु ।

- आन्तरिक राजश्वः बैंक मौज्दात ७,५१,४१,६४३।२८ सहित ७,७९,३८,७७२।११
- संघीय सरकार वित्तिय समानिकरण अनुदानः रू ९,००,००,०००/-
- संघीय सरकार शशर्त अनुदानः रू १५,६८,६१,३२९/-
- संघीय सरकार समपुरक अनुदानः रू ६२,५०,०००/-
- प्रदेश सरकार वित्तिय समानिकरण अनुदानः रू ९९,५२,०००/-
- संघीय सरकार राजश्व बाँडफाँडः रू ५,७२,६२,३२१।९२/-
- प्रदेश सरकार राजश्व बाँडफाँडः रू ३७,५१,०७९।८०/-
- प्रदेश सरकार विषेश अनुदानः रू १०,००,०००/-
- प्रदेश सरकार समपुरक अनुदानः रू ४०,००,०००/-

जम्मा रकम रू ४०,७०,१५,५०२।८३ मात्र (८१.७१ प्रतिशत)

माथि उल्लेखित आय विवरणमा संघीय अख्तियारी अन्तर्गतको सामाजिक सुरक्षा कार्यक्रमको रकम समावेश गरिएको छैन ।

**सभाध्यक्षज्यू,**

चालु आ.व. असार १० गते सम्म भएको आम्दानीबाट हाल सम्म निम्नानुसार खर्च भएको छ ।

पुँजीगत खर्च रू ८,४४,३७,२०२।२०/- (३२.८६ प्रतिशत)

चालु खर्च रू १४,९९,८४,१६२.३३ ( ६२.२० प्रतिशत)

हाल सम्म भएको कूल आम्दानीको जम्मा खर्च रू २३,४४,२१,३६४।५३ भई (४७.०६ प्रतिशत) खर्च भएको छ ।

केही उपभोक्ता समितिहरूले कार्य सम्पन्न गरी भुक्तानी नलिएको र ठेक्का सम्झौता भएका आयोजनाहरूको निर्माण कार्य भई रहेकोले भुक्तानी हुन बाकी रहदा पूँजीगत खर्च कम देखिएको छ ।

**सभाध्यक्षज्यू,**

अब म आगामी आर्थिक वर्षको आम्दानीको श्रोतहरूको जानकारी गराउन चाहन्छु । आगमी आ.व. मा काली गण्डकी नदिको ढुंगा गिट्टी बालुवा विक्री बाट १ कोरड आम्दानी सहित आन्तरिक आय कुल १,५५,९०,०००/- रूपैया अनुमान गरिएको छ । आन्तरिक आय बाहेक संघीय सरकार र प्रदेश सरकारको समानीकरण अनुदान बाट रू १०५९२९०००/- , संघ र प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रू ८,८५,७०,०००/- आय हुने अनुमान गरिएको छ । त्यसैगरी सशर्त अनुदान अन्तर्गत संघीय सरकारबाट रू १६,०३,००,०००/- प्राप्त भएको छ । त्यसै गरी संघीय समपूरक अनुदान तर्फ पशुपति मोटर मार्ग आयोजनाको लागि रू असी लाख र प्रदेश सरकारको समपूरक अनुदान अन्तर्गत करूवाटार खानेपानी आयोजनाको लागि रू पचास लाख रकम प्राप्त भएको छ । त्यसैगरी संघीय विशेष अनुदान अन्तर्गत क्वाङ खोला पुट्टार धाप खानेपानी र राष्ट्रिय मावि भवन निर्माण आयोजनाको लागि रू दुई करोड चालिस लाख र प्रदेश तर्फको विशेष अनुदान तर्फ छरछरे खानेपानी आयोजनाको लागि रू पचास लाख प्राप्त भएको छ । सशर्त पुँजीगत अनुदान तर्फ नयाँटार बन्टार खानेपानी आयोजना को लागि पन्ध्र लाख प्राप्त भएको छु  गडयौलीटार घिरिङ वृहत खानेपानी आयोजनाको लागि दश लाख प्राप्त भएको छ ।

उल्लेखित आयको आधारमा आगामी आर्थिक वर्षमा गाउँपालिकाको कूल बजेट रू ४९,६६,८९,०००/- हुने प्रस्ताव गरेको छु ।

**सभाध्यक्षज्यू,**

अब म आर्थिक बर्षको विषय क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

१) **आर्थिक विकास क्षेत्रः-**

यस क्षेत्र अन्तर्गत कृषिको व्यवशायीकरण, आधुनिकरण, अनुदान तथा कृषक तालिम लगायत क्षेत्रहरूको निमित्त चार करोड चौत्तर हजार छ सय बयासी रूपैया विनियोजन गरिएको छ ।

२) **सामाजिक विकासः-**

विद्यालय शिक्षामा अनुदान, छात्रवृत्ति, शिक्षक तालिम, स्वास्थ्य ल्याब स्थापना, स्वयंसेविका भत्ता, औषधी उपकरण खरिद लगायत महिला, दलित, फरक क्षमता भएका व्यक्तिहरूको उत्थान र विकासमा कार्यक्रम छनौट गरी यस क्षेत्रमा कूल रू चार करोड बयासी लाख उनन्साठी हजार पाँच सय तेह्र रूपैया विनियोजन गरिएको छ ।

३) **पूर्वधार विकासः-**

मदन मोटरमार्ग, घ्याछाप पुट्टार मोटरमार्ग लगायत मुख्य सडकहरुको स्तरोन्नति, श्री कृष्ण मोटरमार्गको पिच साथै अन्य मोटर मार्गहरुको स्तरोन्नति, तिरण्डी खोला पुल, मोहरिया भञ्ज्याङ गाउँ पानी कोटघर मोटर बाटो स्तरोन्नति, चक्रदेवी मोटरमार्ग नयाँटार सिंचाई, गुरुङगाउँ फुला सिफ्लुङ खानेपानी, ढाव खोल्सी खानेपानी

लगायत खानेपानी, प्रशासनिक भवन सभाहल समेत पूर्वाधार विकास क्षेत्रमा कुल रकम रु दश करोड नब्बे लाख सठ्सठ्ठी हजार दुई सय छेसठ्ठी मात्र विनियोजन गरेको छु।

४) **वन, वातावतरण, फोहरमैला व्यवस्थापन र विपद व्यवस्थापनः-**

विपद व्यावस्थापनको निमित्त उद्धार सामाग्री खरिद, राहत, पुनर्स्थापना लगायतकाव प्रबन्ध गर्न रु ४० लाख विपद व्यवस्थापन कोषमा र स्थानीय विपद जोखम व्यवस्थाप योजना तर्जुमा लगायत फर्मको लागि यस विषयगत क्षेत्रमा कुल उन्साठी लाख बयासी हजार एक सय अठासी मात्र रकम विनियावजन गरिएको छ।

५) **सुशासन तथा संस्थागत विकासः-**

कार्यालयको प्रशासनिक खर्च, सेवा परामर्श खर्च, ईन्टरनेट सफ्टवेयर जडान, जनशक्ति विकास, मेशिनरी औजार खाडि, सेवा प्रवाहमा गुणस्तरियता, सरलिकरण र आधुनिकीकरण गर्न यस क्षेत्रमा कुल रु सात करोड असी लाख पाच हजार तिन सय अट्चालिस मात्र रकम विनियोजन गरिएको छ। आगामी आर्थिक वर्षमाको वजेट तर्जुमा गर्न स्थानीय राजनैतिक दल, पत्रकार, समाजसेवी, कर्मचारी, शिक्षक लगायत सबैको सुझाव संकलनको कर्ण गरिएको थियो। भरखरै निर्वाचित भई छोटो समयमा बजेट तर्जुमा गर्नुपर्दा केहि कमी कमजोरी भए पनि आगामी दिनमा सुधार गर्दै लागिने प्रतिवद्धता व्यक्त गर्दछु।

आयोजनाहरूको विस्तृत विवरण, विनियोजन विधेयक तथा आर्थिक विधेयक यसै साथ संलग्न गरी पेश गरेको छु।

बजेट तर्जुमाको क्रममा सहयोग र सहभागी हुनुहुने अध्यक्ष ज्यू, लगायत सवै जनप्रतिनिधी ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, पूर्व अध्क्ष, उपाध्यक्ष, कर्मचारी साथीहरु शिक्षक, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायत सम्पूर्ण टीमलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै आगामी आर्थिक वर्षको वजेट कार्यान्वयनमा सवै पक्षहरुको सक्रिय सहभागीताको लागी अपिल गर्दछु।

| सामाजिक विकास | | |
|---|---|---|
| क.सं. | योजनाको नाम | बजेट रकम |
| १ | उपभोक्ता विद्युत महसुल | १०,००,००० |
| २ | गाउँपालिका स्तरीय अस्पताल निर्माण (१५ बेड) | १०,००,००० |
| ३ | खानेपानी एक घर एक धारा | १,००,००,००० |
| ४ | प्राविधिक शिक्षालय अनुदान | १०,००,००० |
| ५ | स्वास्थ्य नीति तर्जुमा | २,००,००० |
| ६ | शिक्षा | १,८४,३६,००० |
| ७ | छात्रवृत्ति | १०,००,००० |
| ८ | युवा तथा खेलकुद | २०,००,००० |
| ९ | ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकलाई सम्मान तथा बिदाई(प्रति व्यक्ति रु २०००० का दरले ) | ६०,००० |
| १० | बर्थिङ सेन्टरमा कार्यरत स्वास्थ्यकर्मीलाइ खाजा खर्च | ५०,००० |
| ११ | निशुल्क पाठेघरको मुखको क्यान्सर जाँच (VIA), सर्भाइकल क्यान्सर स्किनिङ शिविर | १,००,००० |
| १२ | महिला स्वास्थ्य स्वयं सेविका दिवश मनाउने तथा उत्कृष्ट छनौट गरि पुरस्कृत गर्ने | ५०,००० |
| १३ | लामो समयको जन्मान्तरको लागि स्याटलाइट शिविर | ८०,००० |
| १४ | गाउँघर क्लिनिक संचालन गर्ने स्वास्थ्यकर्मी लाइ यातायात खर्च | ६०,००० |
| १५ | आरोग्य केन्द्रको लागि औषधी तथा सामग्री खरिद | ३,००,००० |
| १६ | औषधी तथा औषधिजन्य सामाग्री खरिद | ८,००,००० |
| १७ | बृहत स्वास्थ्य शिविर कार्यक्रम | ५,००,००० |
| १८ | बर्थिङ सेन्टरको लागी औजार उपकरण खरिद | ५,००,००० |

| | | |
|---|---|---|
| १९ | ल्याब सामाग्री खरिद | ५,००,००० |
| २० | स्वास्थ्य चौकी संचालन खर्च | १,५०,००० |
| २१ | स्वास्थ्य संस्थाको लागी सर्जिकल सामाग्री खरिद | ३,००,००० |
| २२ | महिला सिप विकास तालिम | ४,५०,००० |
| २३ | विभिन्न महिला विकास कार्यक्रम | ५,००,००० |
| २४ | छुवांछुत तथा दलित उत्थान कार्यक्रम | ५,००,००० |
| २५ | धुलिखेल अस्पताल भाडा तथा अन्य खर्च | ३,००,००० |
| २६ | फरक क्षमता भएका व्यक्तिहरूको लागि कार्यक्रम | ५,००,००० |
| | जम्मा | ४,०३,३६,००० |

पूर्वाधार विकास

| क.सं. | योजनाको नाम | बजेट रकम |
|---|---|---|
| १ | मदन मोटरमार्ग | १,००,००,००० |
| २ | घ्याछाप पुट्टार मोटरमार्ग | १,००,००,००० |
| ३ | विद्युतिकरण गाउँपालिका | २०,००,००० |
| ४ | काठेकोट अत्रौली मोटरमार्ग | १,००,००,००० |
| ५ | गाउँपालिका कार्यालय परिसर भवन/परिसर | १,००,००,००० |
| ६ | तिरिन्दी खोला पक्की पुल | ५०,००,००० |
| ७ | गोफा खोला कलभर्ट (राधाकृष्ण मार्ग) | २०,००,००० |
| ८ | सडक तथा भवन निर्माण मापदण्ड तयारी | ५,००,००० |
| ९ | मोहरिया भञ्याङ गाउँपानी कोटघर मोटरबाटो स्तरोन्नती | २०,००,००० |

| | | |
|---|---|---|
| १० | भैरव मोटरमार्ग | ३०,००,००० |
| ११ | चक्रदेवी मोटरमार्ग | ३०,००,००० |
| १२ | सुरक्षित आवास (विपन्न नागरिकको लागि) | १०,००,००० |
| १३ | कृष्ण मोटरमार्ग (०-१६०० मिटर खण्ड) | ७४,५०,००० |
| १४ | कृष्ण मोटरमार्ग (१६००- ३७५० मिटर खण्ड) | १,०८,१०,००० |
| १५ | नयाँटार सिंचाई | २०,००,००० |
| १६ | गुरूङगाउँ फुला सिफ्लुङ्ग खानेपानी | १८,००,००० |
| १७ | ढाब खोल्सी खानेपानी पुह्रार | २१,००,००० |
| १८ | मनमोहन स्मृति भवन | २०,००,००० |
| १९ | भैपरी पूजीगत | २९,००,००० |
| २० | कालीगण्डकी प्राविधिक शिक्षालय कम्पाउण्ड | ४,००,००० |
| २१ | गाउँपालिका सभाहल निर्माण | ३२,००,००० |
| | जम्मा | ९,११,६०,००० |

वन तथा वातावरण र विपद व्यवस्थापन

| क्र.सं. | योजनाको नाम | बजेट रकम |
|---|---|---|
| १ | विपद् व्यवस्थापन कोष | ४०,००,००० |
| २ | स्थानीय विपद जोखिम व्यवस्थापन योजना निर्माण | १०,००,००० |
| | जम्मा | ५०,००,००० |

संस्थागत विकास र सेवाप्रवाह

| क्र.सं. | योजनाको नाम | बजेट रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | १,१०,००,००० |
| २ | पदाधिकारी सुविधा | ७०,००,००० |
| ३ | पोशाक भत्ता | ४,००,००० |
| ४ | महंगी भत्ता | १०,००,००० |
| ५ | कर्मचारी पोत्साहन तथा पुरस्कार | २,००,००० |
| ६ | बैठक भत्ता | १०,००,००० |
| ७ | योगदानमा आधारित कर्मचारी | ५,००,००० |
| ८ | पानी तथा विजुली | १,९८,००० |
| ९ | संचार महसुल | २,००,००० |
| १० | इन्धन कार्यालय प्रयोजन | १५,००,००० |
| ११ | सवारी साधन मर्मत खर्च | १०,००,००० |
| १२ | बिमा तथा नवीकरण खर्च | ४,००,००० |
| १३ | एम्बुलेन्स सञ्चालन खर्च (संस्थालाई अनुदान) | २,००,००० |
| १४ | भैपरी चालु | १५,००,००० |
| १५ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | ५,००,००० |
| १६ | मसलन्द तथा कार्यालय सामग्री | २०,००,००० |
| १७ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | १०,००,००० |
| १८ | सेवा र परामर्श खर्च | २०,००,००० |
| १९ | सूचना प्रणाली तथा ईन्टरनेट समेत | ८,००,००० |
| २० | करार सेवा शुल्क | १,००,००,००० |

| | | |
|---|---|---|
| २१ | अनुगमन तथा मूल्यांकन खर्च | ७,००,००० |
| २२ | भ्रमण खर्च कर्मचारी तथा जनप्रतिनिधि | १०,००,००० |
| २३ | अन्य सहायता | २०,००,००० |
| २४ | विविध खर्च | १०,००,००० |
| २५ | वडा सचालन खर्च वडा न १ | ३,००,००० |
| २६ | वडा सचालन खर्च वडा न २ | ३,००,००० |
| २७ | वडा सचालन खर्च वडा न ३ | ३,००,००० |
| २८ | वडा सचालन खर्च वडा न ४ | ३,००,००० |
| २९ | वडा सचालन खर्च वडा न ५ | ३,००,००० |
| ३० | घर भाडा | ३,००,००० |
| ३१ | सफ्टवेयर संचालन खर्च | ५,००,००० |
| ३२ | मेसिनरी औजार खरिद | १०,००,००० |
| ३३ | फर्निचर फिक्चर्स | ५,००,००० |
| ३४ | कम्प्युटर ल्यापटप तथा प्रिन्टर खरिद | १०,००,००० |
| ३५ | जेसीवि मर्मत संचालन खर्च | २०,००,००० |
| ३६ | कर्मचारी कल्याण कोष (योगदानमा आधारित) | ५,००,००० |
| ३७ | गरिव पहिचान र आय आर्जन कार्यक्रम | १०,००,००० |
| ३८ | अध्यक्ष रोजगार कार्यक्रम | १५,००,००० |
| ३९ | उपभोक्ता समितिहरूलाई तालिम | २,५०,००० |
| ४० | सेवा प्रवाहमा नविन प्रविधिको प्रयोग | २,५०,००० |

| | | |
|---|---|---|
| २१ | अनुगमन तथा मूल्यांकन खर्च | ७,००,००० |
| २२ | भ्रमण खर्च कर्मचारी तथा जनप्रतिनिधि | १०,००,००० |
| २३ | अन्य सहायता | २०,००,००० |
| २४ | विविध खर्च | १०,००,००० |
| २५ | वडा सचालन खर्च वडा न १ | ३,००,००० |
| २६ | वडा सचालन खर्च वडा न २ | ३,००,००० |
| २७ | वडा सचालन खर्च वडा न ३ | ३,००,००० |
| २८ | वडा सचालन खर्च वडा न ४ | ३,००,००० |
| २९ | वडा सचालन खर्च वडा न ५ | ३,००,००० |
| ३० | घर भाडा | ३,००,००० |
| ३१ | सफ्टवेयर संचालन खर्च | ५,००,००० |
| ३२ | मेसिनरी औजार खरिद | १०,००,००० |
| ३३ | फर्निचर फिक्चर्स | ५,००,००० |
| ३४ | कम्प्युटर ल्यापटप तथा प्रिन्टर खरिद | १०,००,००० |
| ३५ | जेसीवि मर्मत संचालन खर्च | २०,००,००० |
| ३६ | कर्मचारी कल्याण कोष (योगदानमा आधारित) | ५,००,००० |
| ३७ | गरिव पहिचान र आय आर्जन कार्यक्रम | १०,००,००० |
| ३८ | अध्यक्ष रोजगार कार्यक्रम | १५,००,००० |
| ३९ | उपभोक्ता समितिहरूलाई तालिम | २,५०,००० |
| ४० | सेवा प्रवाहमा नविन प्रविधिको प्रयोग | २,५०,००० |

| | |
|---|---|
| वडा नं. ३ | ९१,००,००० |
| वडा नं. ४ | ९४,५०,००० |
| वडा नं. ५ | ९१,००,००० |
| जम्मा | ४,६२,००,००० |

| | |
|---|---|
| सामाजिक विकास | ४,०३,३६,००० |
| पूर्वाधार विकास | ९,११,६०,००० |
| विपद व्यवस्थापन | ५०,००,००० |
| संस्थागत विकास र सेवाप्रवाह | ६,५१,९८,००० |
| आर्थिक विकास | ३,३४,९५,००० |
| वडा कार्यालयहरूमा | ४,६२,००,००० |
| जम्मा | २८,१३,८९,००० |

| | |
|---|---|
| कुल बजेट | ४९,६६,८९,००० |
| सशर्त, विशेष, सम्पुरक आयोजना | २१,५३,००,००० |
| विषयगत | २८,१३,८९,००० |